राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ वैशाख २९ गते

## आयोगद्वारा उच्चस्तरीय अनुगमन टोली गठन

### गृह सचिव तथा सुरक्षा निकायका प्रमुखहरूवीच सुरक्षा व्यवस्थाबारे छलफल

राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचन अनुगमन कार्यलाई थप प्रभावकारी र विश्वसनीय बनाउन 'राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८' बमोजिम आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको नेतृत्वमा नागरिक समाजका प्रतिनिधिहरू संलग्न रहेको उच्चस्तरीय अनुगमन टोली गठन गरेको छ । उक्त टोलीमा पूर्वप्रधान न्यायाधीश तथा राष्ट्रिय मानव अधिकार आयोगका पूर्वअध्यक्ष श्री केदारनाथ उपाध्याय, पूर्वसभामुख श्री दमननाथ ढुङ्गाना, पूर्वनिर्वाचन आयुक्त प्रा.डा. श्री विरेन्द्र मिश्र, प्रा.डा. श्री सूर्य ढुङ्गेल तथा अधिवक्ता श्री मीरा ढुङ्गाना रहनुभएको छ ।

यसैक्रममा, राष्ट्रिय मानव अधिकार आयोग र नेपाल सरकारका गृह सचिव तथा सुरक्षा निकायका प्रमुखहरूवीच आसन्न स्थानीय तहको निर्वाचन सुरक्षा व्यवस्थाको तयारी सम्बन्धमा आज छलफल भएको छ । सो अवसरमा आयोगका अध्यक्ष अनूप राज शर्माले निर्वाचनलाई शान्तिपूर्ण तथा मानव अधिकारमैत्री बनाउन सुरक्षा निकायको भूमिका महत्वपूर्ण हुने भन्दै सुरक्षा व्यवस्था प्रभावकारी बनाउनका लागि सुरक्षा निकायका प्रमुखहरूलाई आग्रह गर्नुभएको छ । उहाँले मतदाताहरू सुरक्षा व्यवस्थाप्रति आश्वस्त हुनसके मात्र मतदान प्रक्रिया विश्वसनीय र सफल हुने कुरा व्यक्त गर्नुभएको छ । छलफलका क्रममा गृह सचिव लोकदर्शन रेग्मीले निर्वाचन सुरक्षा व्यवस्था मानव अधिकारको प्रत्याभूति हुने ढङ्गबाट गरिएको बताउनुभएको छ ।

मोहना अन्सॉरी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org